# १ नंप्रदेश प्रहरी कार्यालय,बिराटनगरअन्तर्गत पहिचान नखुलेका लासहरुको विबरण

| जिल्ला | विवरण | फोटो |
|---|---|---|
| **तेह्रथुम** | मिति २०७९।०३।२५ गते अं.११:१० बजेको समयमा जि. तेह्रथुम म्याङलुङ न.पा. वडा नं.६ अम्फुवा रेग्मी टोल स्थित केशव प्रसाद रेग्मीको पुरानि घरमा अं. ५०/५५ वर्षको ,एकिन नामथर, वतन नखुलेको,हेर्दा तराई मुलको जस्तो देखिने,वर्ण कालो, लाम्चो नाक, कालो छोटो कपाल,स्थानिय मानिसहरुले राजेश भनि चिन्ने गरेका **पुरुष** मृत फेला,हाल जिल्ला अस्पताल तेह्रथुम मा राखिएको। |  |
| **झापा** | मिति २०७९।०३।१२ गते साँझ अं. १८:०० बजेको समयमा जिल्ला झापा अर्जुनधारा न. पा. वडा नं. ४ सहासी टोल स्थित रहेको शनिश्चरे जुकेखाडी सडक खण्डको मुनिबाट बगेको राज पैनीको होम पाईप भित्र रहेको बोराको पोकामा नामथर, वतन नखुलेको अं. वर्ष ३५/४० को उचाई ५.५ फिट, कालो रंगमा सेतो धर्का भएको सुरुवाल, गुलाबी रंगको बिचमा कालो टिक टिक भएको पुरा बाहुले सर्ट लगाएको, दुबै हातको पाखुरामा अंग्रेजी अक्षर रन लेखिएको ट्याटु खोपेको मृत **पुरुष** व्यक्तिको लाश पो. मा.को लागी बि. पि. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोपा धरान सुनसरीको शव गृहमा राखिएको। |  |
| **ताप्लेजुङ** | मिति २०७९।०१।१६ गते १६:०० बजेको समयमा कंचनजंघा हिमालको सफाई कार्य गरिरहेको अवस्थामा हिमालको आधार शिविरको मध्य भागको अलग अलग भागमा **२ वटा** पहिचान नखुलेको मानव **कंकाल (अस्थिपञ्जर)** हरु फेला परेकोले उक्त मानव कंकालहरुलाई सुरक्षित साथ ल्याई जिल्ला अस्पताल ताप्लेजुङको शव गृहमा राखिएको। |  |
| **मोरङ** | मिति २०७८।१२।२१ गते दिनको अं. १९:४५ बजेको समयमा जि.मोरङ विराटनगर म.न.पा. वडा नं ८ सिगियाखोला स्थित नाम थर वतन नखुलेको अं. ३०/३५ वर्षको मृत **पुरुष**को लाश फेला परेको, शरिरमा यत्रतत्र पिल्सिएको, निलो सर्ट लगाएको, हात खुट्टाको छाला खुईलेको, शरिरमा माटो बालुवाले लेउ लागेको, दुबै आँखा बाहिर निस्केको लाश। |  |
| **धनकुटा** | मिति २०७८।१२।०३ गते बेलुका अं.२०:५० बजेको समयमा जि.धनकुटा न.पा.वडा नं.९ गुठीटार स्थितमा रहेको महेन्द्र राईको खाली घरमा केही दिन अगी बसी मागी खादै बस्ने तेह्रथुम घर भनि बताउने अं.५८/५९ वर्षको, वर्ण गहुँगोरो, सेतो भेष्ट कालो कट्टु, दाह्री जुङा फुलेको, बाया हातमा घडी बाधेको टंक ओझा **पुरुष** व्यक्तिको मृत फेला हाल जि.अस्पताल धनकुटाको शव गृहमा राखिएको। |  |

| | | |
|---|---|---|
| **पाँचथर** | मिति २०७८।११।३० गते बिहानको अं. ०७:३० बजेको समयमा जि. पाँचथर साविक अमरपुर गा.वि.स. वडा नं.१ हाल हिलिहाङ गा.पा. वडा नं.१ भिरफेदी स्थित सार्वजनिक जंगलमा किरा परेको अवस्थामा नामथर, वतन नखुलेको,अं. ४०/४२ वर्षको,उचाई ५.४ फिट, वर्ण गहुँगोरो,हल्का लामो कपाल फुलेको ,पातलो दाह्री पालेको,सेतो निलो रङको हाफ भेष्ट, कालो रङको जिन्स पाईन्ट लगाएको र अगाडिको माथिल्लो पट्टिको दुई दात नभएको,**पुरुष** व्यक्तिको लास हाल जि. अस्पताल पाँचथरको शव गृहमा राखिएको। |  |
| **भोजपुर** | मिति २०७८।०७।२८ गते अं. २१:५० बजेको समयमा जि. भोजपुर षडानन्द न. पा. वडा नं. २ पायेखा स्थित गोरेठो बाटो देखी अं. २ मिटर म नी धान खेतको गराको कुनामा लडी मृत अवस्थामा रहेको पुरुष व्यक्ति अं. वर्ष ५०/५५ को, कहिले राम बहादुर र कहिले गणेश पाख्रिन भनी नाम बताउने, काठको मिस्त्रीको काम गर्ने, उचाइ ५.३ फिट, पातलो शरिर, वर्ण गहुँगोरो, कपाल आधा फुलेको, कालो खुईलिएको ट्र्याक, हरियो रंगको हाप भेष्ट, कालोमा पहेलो धर्सा भएको ट्राउजर र EVA लेखेको चप्पल लगाएको मृत **पुरुष** व्यक्तिको लाश। |  |
| **झापा** | मिति २०७८।०७।१३ गते अं. ०९:३० बजेको समयमा भारत बिहार जिल्ला किशानगंज गगलिया स्थित रेलवे स्टेशनमा मानसिक सन्तुलन ठिक नभएको, मागी खाई हिड्ने गरेको, अं. वर्ष ६०/६५ को, नामथर ठेगाना नखुलेको हेर्दा नेपाली मुलको जस्तो देखिने, उचाई ५.५ फिट, दाह्री जुंगा लामो र फुलेको, जिन्स पाईन्ट र घ्यु रंगको सर्ट लगाएको **पुरुष** व्यक्ति रेलमा ठोकिन गई मृत्यु भएको र उक्त लाशको कानुनी प्रक्रिया पुरा गरी पो. मा. को लागी ठाकुरगंज अस्पतालको शव गृहमा राखिएको। |  |
| **इलाम** | मिति २०७८।०६।३० गते साँझको अं. १८:०० बजेको समयमा जि. इलाम माई न. पा. वडा नं. २ चेप्ठी स्थित माईखोलाको पानीको भङ्गालोको बिच भागमा अड्किएको अवस्थामा नामथर, वतन नखुलेको, अं. वर्ष ६०/६५ कि, उचाई ५ फिट, रातो कालो बुट्टे मखमलको भेष्ट, हरियो रातो बुट्टे लुङ्गी, रातो हरियो सल कम्मरमा बाधेकी, रातो, निलो रंगको पथ्थर भएको पोते र वाँया हातमा फलामे बाला लगाएकी मृत **महिला**को लाश पो. मा. को लागी इलाम जिल्ला अस्पतालको शव गृहमा राखिएको। |  |
| **ताप्लेजुङ** | मिति २०७८।०६।१७ गते अं.०६.३० बजेको समयमा जि.ताप्लेजुङ मिक्वाखोलागा.पा. वडा नं.४ स्थितनिर्माणाधिनमिडिल मेवा हाईड्रोपावर प्रोजेक्टमा काम गर्ने वतन नखुलेको अ.वर्ष ४१ को रुपलाल मगर सुतेको ठाउँमा बेहोस भई उपचारको लागि जि.अस्पताल ताप्लेजुङमा उपचारको लागी ल्याइएकोमा सोही अस्पतालमा ऐ. मिति १२:५० बजेको समयमा मृत्यु भएको **पुरुष** व्यक्तिको लाश पो. मा. को लागी सोही अस्पतालको शव गृहमा राखिएको र साथमा भारतिय आधार कार्ड भएको। |  |

| | | |
|---|---|---|
| **मोरङ** | मिति २०७८।०५।३१ गते जि. मोरङ बिराटनगर म. न. पा. वडा नं. ७ स्थित कोशी अस्पतालको परिसरमा नामथर, वतन नखुलेको, अं. वर्ष ३५/४० को, उचाई ५.२ फिट, कालो आँखा, कालो कपाल भएको मृत **पुरुष** व्यक्तिको लाश काशी अस्पताल बिराटनगरको शव गृहमा राखिएको । |  |
| **मोरङ** | मिति २०७८।०५।२७ गते अं. १३:५० बजेको समयमा जि. मोरङबिराटनगर म. न. पा. वडा नं. ९ स्थित पुरानो गुद्री बजारमा नामथर, वतन नखुलेको, अं. वर्ष ३०/३५ को देखिने, उचाई ५.४ फिट, कालो कपाल, हल्का दाह्री पालेको, convers लेखेको कालो र रातो रंगको भेष्ट र ब्लु रंगको पाईन्ट लगाएको मृत **पुरुष** व्यक्तिको लाश काशी अस्पताल बिराटनगरको शव गृहमा राखिएको । |  |
| **मोरङ** | मिति २०७८।०५।२५ गतेअं. १२:०० बजेको समयमा जि. मोरङ बिराटनगर म. न. पा. वडा नं ९ बसपार्क अगाडी पेटीमा नामथर, वतन नखुलेको, अं. वर्ष ४०/४५ को देखिने, उचाई ५ फिट, वर्ण गहुँगोरो, कालो सेतो कपाल, सेतो रंगको सेण्डो, कालोमा पहेलो रंग भएको कट्टु लगाएको, वाँया हातको नाडिको पछाडी पट्टीको भागमा पिल्सिएको घाउ भएको मृत **पुरुष** व्यक्तीको लाश काशी अस्पताल बिराटनगरको शव गृहमा राखिएको । |  |
| **झापा** | मिति २०७८।०५।१२ गते अं. ०७:०० बजेको समयमा जि. झापा दमक न. पा. वडा नं. ४ स्थित मावाखोलाको पुल मुनी पिलरको स्लावमा बस्दै आएका अं. वर्ष ६२ को हसत रैया नाम बताउने, मागी खाई हिड्ने गरेको,, उचाई ५.३ फिट, दाह्री लामो फुलेको, शरिरमा कपडा नभएको, घ्यु रंगको ब्लाङ्केट ओढेको र हेर्दा तराई मुलको जस्तो देखिने मृत **पुरुष** व्यक्तिको लाश दमक अस्पतालको शव गृहमा राखिएको । |  |
| **मोरङ** | मिति २०७८।०५।१० गते अं. ०६:१५ बजेको समयमा जि. मोरङ बुढीगंगा गा.पा. वडा नं. ६ स्थित, डल्ले पुलको मुनि नहरमा बगाई ल्याएको नामथर, वतन नखुलेको, अं. ३५/३६ वर्षको देखिने, उचाई ५.३ फिट, वर्ण गहुँगोरो, कालो कपाल, हल,का दाह्री पालेको, रातो रंगको टिसर्ट, खैरो रंगको पाईन्ट र रातो रंगको जुत्ता लगाएको मृत **पुरुष**को लाश काशी अस्पताल बिराटनगरको शव गृहमा राखिएको । |  |
| **सुनसरी** | मिति २०७८।०३।२६ गते रातको अं. २२:३० बजेको समयमा जि. सुनसरी कोशी गा. पा. बस्ने हाजी भन्ने सजामत मियाले चलाई ल्याएको को ३० प ८७०२ नं. को मोटरसाईकलले पैदल यात्री नामथर, वतन नखुलेको अं. वर्ष ७०/७२ को **पुरुष** लाई ठक्कर दिई घाईते बनाएकोमा निज घाईतेको गोल्डेन अस्पताल बिराटनगरमा उपचारको क्रममा मिति २०७८।०३।२८ गते मृत्यु भएको पुरुष व्यक्तिको हुलिया वर्ण श्याम्लो, दाह्री जुङ्गा फुलेको र पातलो शरिर भएको । |  |

| | | |
|---|---|---|
| **तेह्रथुम** | मिति २०७८।०३।१८ गते साँझको अं. १८:३० बजेको समयमा जि. तेह्रथुम म्याङलुङ न. पा. वडा नं. ८ कोबेक स्थित ईमान सिंह लिम्बुको गोठ नजिकै खेत बारीमा नामथर, वतन नखुलेको अं. वर्ष ४०/४५ को वर्ण रातो मझौला शरिर, US Army लेखेको टाटे पाङ्ग्रे झोला खैरो वालेट र ९८६२१५६४२१ नं. को Ntcको सिम रहेको सामसुङ मोबाईल सहित रहेको मृत पुरुष व्यक्तीको लाश। |  |